**Prithvi Journal of Research and Innovation**
[A Peer-Reviewed, Open Access Multidisciplinary Bilingual Journal; Indexed in NepJOL]
ISSN 2705-4888 [Print]; ISSN 2705-4896 [Online]; JPPS Star-Rated Journal
Volume 4; 15 December 2022; pp. 116-124
eJournal Site: http://ejournals.pncampus.edu.np/ejournals/pjri/

# कक्षा एघारका विद्यार्थीको नेपाली भाषा सिकाइप्रतिको अभिप्रेरणा
# [Grade 11 Students' Motivation in Nepali Language Learning]

**सुरज पौडेल, उपप्राध्यापक**
**[Suraj Poudel, Lecturer]**
नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
[Department of Nepali Education, Prithvi Narayan Campus, Pokhara]

**Article History:**
*Submitted 28 October 2022*
*Reviewed 24 November 2022*
*Accepted 07 December 2022*

**Corresponding Author:**
*Suraj Poudel*
*Email: poudelsuraj91@gmail.com*

**Article DOI**:
*https://doi.org/10.3126/pjri.v4i1.50164*

**Copyright Information:**
*Copyright 2022 © Authors of this journal; With permission of the authors, the copyright is transferred to the publisher for the first print and online edition only. This work is licensed under a Creative Commons Attribution-NonCommercial 4.0 International License.*

**Publisher:**
*Centre for Research and Innovation*
*Prithvi Narayan Campus*
*Tribhuvan University*
*Pokhara, Nepal*
*[Accredited by UGC, Nepal]*

*Tel.: +977-61-576837*
*Email: research@pncampus.edu.np*
*URL: www.pncampus.edu.np*

**सार [ABSTRACT]**

प्रस्तुत लेख कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरू नेपाली भाषाको औपचारिक सिकाइप्रति के कस्ता कारणले कसरी अभिप्रेरित हुन्छन् भन्ने उपायको खोजी गर्ने उद्देश्यले तयार पारिएको हो । प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचाको घटना क्रिया अध्ययनसँग सम्बन्धित रहेको छ । उद्देश्यमूलक नमुना छनोट विधिको उपयोग गरी छनोट गरिएका पोखरा महानगरपालिकाका कक्षा ११ मा अध्ययनरत सातजना विद्यार्थीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त तथ्यलाई व्याख्यात्मक विधिका माध्यमबाट अर्थपूर्ण विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनको मूल प्राप्तिलाई दृष्टिगत गर्दा नेपाली भाषा सिकाइप्रतिको अभिप्रेरणाका मुख्य पक्ष वा कारणहरूमा भाषिक स्वरूप र संरचना, सिकारुको रुचि र लक्ष्य, शिक्षकको व्यक्तित्व, क्षमता र व्यवहार, शिक्षण प्रक्रिया, पाठ्यक्रम तथा पाठ्यपुस्तक, विद्यालयको भौतिक पूर्वाधार र कक्षाकोठा व्यवस्थापन, मूल्याङ्कन परिपाटी, अन्य भाषाको प्रभाव, शिक्षाको माध्यम, देशको परिस्थिति मुख्य रहेका छन् । यी कारणअन्तर्गत रहेर सूचकहरूले केही समान तथा भिन्न अनुभवहरू अभिव्यक्त गरेका छन् । कुनै कामप्रतिको लगाव वा इच्छाशक्ति वैयक्तिक भिन्नतामा निर्भर गर्दछ । मानवीय आवश्यकता नै अभिप्रेरणाको मुख्य कारण हो । भाषिक स्वरूप र संरचना लगायतका माथि उल्लेखित तत्त्व वा पक्ष विद्यार्थीअनुकूल हुँदा नेपाली भाषा सिकाइ अभिप्रेरणामा सकारात्मक प्रभाव पार्ने र विद्यार्थीअनुकूल नहुँदा नकारात्मक प्रभाव पार्ने कुरा अध्ययनबाट प्राप्त भएको छ । वास्तवमा भाषा सिकाइ अभिप्रेरणाको सम्बन्ध सिकारुको मनोवैज्ञानिक पक्षसँग सम्बन्धित छ । सिकारु भित्रैदेखि खुसी भएर भाषा सिकाइमा लागेको छ भने उसले सफलता प्राप्त गर्न सक्छ । शिक्षण प्रक्रियामा संलग्न विविध वातावरणीय पक्षहरूले पनि भाषा सिकाइ अभिप्रेरणा जागृत गराइदिने काम गर्दछन् । तसर्थ नेपाली भाषा शिक्षकले सिकाइका बाह्य वातावरणीय पक्षहरूलाई सिकारुअनुकूल बनाई कक्षा ११ मा अध्ययनरत विद्यार्थीलाई नेपाली भाषाको औपचारिक सिकाइमा अभिप्रेरित गराउन सकिन्छ भन्ने निष्कर्ष यस लेखमा निकालिएको छ । [The paper aims to find out the reasons for the current Grade 11 students'

motivation in the Nepali language learning. The study has adopted the qualitative research method, using the phenomenological approach. The study has analyzed the data collected through interviews from seven Grade 11 students of different secondary schools in Pokhara Metropolitan City, using the purposive sampling technique for data collection. The findings of the study indicated that the major motivating factors of learning the Nepali language include the nature and structure of language, learners' interest and objective, teachers' personality, evaluation and behavior, teaching method, curriculum and textbooks, school infrastructure and classroom management, evaluation scheme, influences of other languages, medium of instruction, and the context of a nation. These factors have been expressed through both common and differing experiences, which are considered indicators. A person's willingness towards his or her work depends on his or her personal likes and dislikes. In fact, human needs motivate a person to act in a way that gets him or her closer to his or her goals. The findings of the study showed that when the above mentioned structure and construction of language are student-centred, there was a positive impact on the Nepali language learning motivation and when it was not student-centred, it was found to have a negative impact on the Nepali language learning motivation. It was also found that the language learning motivation is associated with the psychology of the learners. For instance, if someone is eager to learn the language, he or she can learn the language successfully. In addition, there are also various aspects such as learning environment that can motivate the students in their language learning process. Thus, the study concludes that if we could create a learner-centred environment in schools, a Nepali language teacher can motivate the Grade 11 students to learn the Nepali language successfully.]

**शब्दकुञ्जी** : अभिप्रेरणा, अन्तरइच्छा, आवश्यकता, भाषा सिकाइ, मनोविज्ञान

[**KEYWORDS:** Motivation, willingness, need, language learning, psychology]

**परिचय**

भाषा सिक्ने र सिकाउने कार्य आफैँमा जटिल कार्य हो । कुनै पनि उमेर समूहका बालबालिकाहरूलाई मातृभाषा सिक्न जति सरल र सहज हुन्छ दोस्रो तथा विदेशी भाषा सिक्न त्यति नै कठिनाइ हुन्छ । कुनै पनि भाषाको अनौपचारिक सिकाइ स्वतन्त्र वातावरणमा हुन्छ भने औपचारिक सिकाइ कृत्रिम र नियन्त्रित वातावरणमा हुने गर्दछ । जुनसुकै तह र कक्षाका विद्यार्थीहरूलाई उनीहरूको रुचि, चाहना र आवश्यकताअनुरूपका भाषाहरू सिकाउनका लागि विश्व परिवेशमै विगतदेखि विभिन्न अभ्यासहरू हुँदै आएका छन् । तापनि समाज तथा राष्ट्रले लगानी गरेअनुरूप प्रतिफल प्राप्त हुन सकिरहेको छैन । नेपालका सन्दर्भमा पनि पहिलो, दोस्रो तथा विदेशी भाषाका रूपमा नेपाली सिकाउने अनेकौँ प्रयत्नहरू भइराखेका छन् । यति हुँदाहुँदै पनि विद्यार्थीको अभिप्रेरणाविना कक्षाकोठामा औपचारिकरूपमा नेपाली भाषा सिकाउने कार्य अपेक्षित प्रभावकारी बन्न सकिरहेको छैन । त्यसमा पनि कक्षा ११ (व्यवस्थापन) मा अध्ययनरत विद्यार्थीहरू नेपाली भाषाको औपचारिक सिकाइमा त्यति अभिप्रेरित भएको देखिँदैन । अभिप्रेरित नहुनुका कारण पहिचान गरी नेपाली भाषाको औपचारिक सिकाइमा विद्यार्थीलाई कसरी अभिप्रेरित गर्न सकिन्छ भन्ने कुराको विश्लेषणमा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ ।

सिकारुको आफ्नै अन्तर्दृष्टि वा कसैका माध्यमबाट भाषा प्राप्ति वा आर्जन गर्नुलाई भाषा सिकाइ भनिन्छ । भाषा सिकाइ मुख्यतः अनौपचारिक एवम् औपचारिक सन्दर्भसँग जोडिएको हुन्छ । अनुसन्धेय शीर्षकको 'सिकाइ' शब्दले नेपाली भाषाको औपचारिक सिकाइलाई जनाएको छ । मातृभाषा वा पहिलो भाषाको सिकाइ सामान्यतया अनौपचारिक प्रकृतिको हुन्छ भने दोस्रो तथा विदेशी भाषाको सिकाइ औपचारिक प्रकृतिको हुने गर्दछ । यद्यपि मातृभाषा वा पहिलो भाषाको सिकाइ अनौपचारिक मात्र नभएर औपचारिक पनि हुँदै आएको छ । नेपाली मातृभाषी विद्यार्थीले विद्यालयमा गएर नेपाली भाषा सिक्नु औपचारिक सन्दर्भ नै हो । विद्यार्थीले विद्यालय जानुपूर्व घरमा स्वतन्त्र वातावरणमा सहज र स्वाभाविकरूपमा भाषा सिक्ने प्रक्रियालाई अनौपचारिक मानिन्छ भने विद्यालयमा गएर
नियन्त्रित वातावरणमा भाषा सिक्ने प्रक्रियालाई औपचारिक मानिन्छ । सिकाइको अनौपचारिक वा औपचारिक जुनसुकै परिवेश र प्रकृति भए पनि भाषा सिकाइमा सिकारुको शारीरिक र मानसिक क्षमताको

भूमिका महत्त्वपूर्ण हुने गर्दछ । साथै वातावरणीय र शैक्षणिक तत्त्वहरू पनि भाषा सिकाइका प्रभावक मानिन्छन् । भाषाको स्वरूप र संरचनाले पनि भाषा सिकाइमा सरलता वा जटिलता उत्पन्न गर्दछ । पहिलो वा दोस्रो भाषा सिकाइको प्रभावकारितामा भाषिक वातावरणको व्यापकता वा सीमितताले पनि व्यापक असर पार्दछ ।

सामान्यतया कुनै पनि काम गर्न व्यक्तिलाई उत्साही, क्रियाशील र प्रयत्नरत बनाउने तत्त्वलाई अभिप्रेरणा भनिन्छ । अभिप्रेरणा आवश्यकताबाट सुरु भएर सन्तुष्टिमा टुङ्गिन्छ । विश्वप्रसिद्ध मनोवैज्ञानिक अब्राहम मास्लोले सन् १९५४ मा श्रृङ्खलाबद्ध प्रेरणाको सिद्धान्त प्रतिपादन गरे (शर्मा एण्ड शर्मा, २०७३, पृ. २४८) । उनको श्रृङ्खलाबद्ध प्रेरणाको सिद्धान्तमा क्रमशः शारीरिक आवश्यकता (भोक, तिर्खा आदि), सुरक्षात्मक आवश्यकता, मायाप्रेम (Love and Belonginess), आत्मसम्मान (प्राप्ति, प्रतिस्पर्धा, स्वतन्त्रता आदि), स्वकार्य (Selfactualization) पर्दछन् ।

अन्य सिकाइमा जस्तै भाषा सिकाइमा पनि अभिप्रेरणाको महत्त्वपूर्ण भूमिका हुन्छ । अभिप्रेरणाले सिकारुमा उत्साह जगाउनुका साथै लक्ष्य प्राप्तिको बाटोमा हिँड्न मार्गप्रशस्त गर्दछ । सिकारुको आवश्यकता नै अभिप्रेरणाको मूल स्रोत हो । भाषा सिकाइमा सिकारुको शारीरिक, मानसिक एवम् मनोवैज्ञानिक तत्त्वहरूले पनि प्रभाव पारेका हुन्छन् । साथै जनसङ्ख्या, सामाजिक दबाब, भाषिक भिन्नता, वातावरणीय भिन्नता एवम् सिकारुको उमेर, अभिप्रेरणा, बुद्धि, व्यक्तित्व, तत्परता, अभिवृत्ति, स्मरणशक्तिजस्ता मनोवैज्ञानिक पक्षहरू पनि भाषा सिकाइका मूल प्रभावक मानिन्छन् । भाषा सिकाइका सवालमा भाषिक वातावरणको जति व्यापकता रह्यो उति विद्यार्थीहरूमा भाषा सिक्ने अभिप्रेरणा बढ्न सक्छ (अधिकारी, २०५७, पृ. २३) । भाषा सिकाइ प्रक्रियालाई व्यवहारवाद, मनोवाद र सामाजिक निर्माणवादसँग पनि जोडेर हेर्न सकिन्छ । सिकारुले भाषा सिक्ने कुरा उसको क्षमता, अभ्यास र सामाजिक अन्तर्क्रियामा पनि भर पर्दछ ।

भाषा सिकाइ अभिप्रेरणाका क्षेत्रमा भएका प्रायः अध्ययनहरू अङ्ग्रेजी भाषा सिकाइमा केन्द्रित भएर सम्पन्न गरिएका छन् । नेपाली भाषा सिकाइका क्षेत्रमा भएका अध्ययनहरू प्रायः सिकाइ उपलब्धिको अध्ययनमा केन्द्रित देखिन्छन् । आचार्य (२०६७), खनिया (२०७१), पौडेल (२०६८) ले गरेका अध्ययनहरू नेपाली भाषा सिकाइ उपलब्धिको अध्ययनमा केन्द्रित रहेका छन् भने पौडेल (२०७२) ले गरेको अध्ययनमा नेपाली भाषा सिकाइमा बाल विकासको प्रभावलाई हेरिएको छ । यसरी हेर्दा यी अध्ययनहरू नेपाली भाषा सिकाइ प्रक्रियाको अध्ययनमा आधारित भए पनि भाषा सिकाइ अभिप्रेरणासँग सम्बन्धित नभएकाले प्रस्तुत लेखको औचित्य स्वतः पुष्टि हुन्छ । अतः कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरू नेपाली भाषाको औपचारिक सिकाइमा के कस्ता कारणले कसरी अभिप्रेरित हुन्छन् भन्ने उपायको खोजी गर्ने उद्देश्यले यो लेख तयार पारिएको हो । प्रस्तुत लेख मूलतः पौडेल (२०७९) को लघु अनुसन्धानमा आधारित रहेको छ । भाषा सिकाइ अभिप्रेरणाबाहेक नेपाली भाषा सिकाइसँग सम्बन्धित अन्य पक्षको खोजी यसमा गरिएको छैन ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन मूलतः गुणात्मक प्रकृतिको छ । अनुसन्धानको गुणात्मक ढाँचाअन्तर्गत यो अध्ययन घटना क्रिया (Phenomenological Study) सँग सम्बन्धित रहेको छ । किनकि यसमा कक्षा ११ मा अध्ययनरत विद्यार्थीको नेपाली भाषा सिकाइप्रतिको अभिप्रेरणासम्बन्धी जीवन्त अनुभवलाई व्याख्यावादी कोणबाट अर्थपूर्ण विश्लेषण गरिएको छ । यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित भएकाले यसमा बहुसत्य, विषयगत ज्ञान र सापेक्षित मूल्यको खोजी गरिएको छ ।

उद्देश्यमूलक नमुना छनोट विधिको उपयोग गरी पोखरा महानगरपालिकाअन्तर्गत व्यवस्थापन विषय पढाइ हुने सातवटा माध्यमिक विद्यालय र ती विद्यालयमा कक्षा ११ मा अध्ययनरत सातजना विद्यार्थीलाई सूचकका रूपमा छनोट गरिएको छ । नमुनाका रूपमा छनोट गरिएका सातजना विद्यार्थीसँग अन्तर्वार्ता लिएर आवश्यक सूचना वा तथ्य सङ्कलनका क्रममा प्राकृतिक वातावरण सिर्जना गर्नुका साथै पारस्परिक सम्बन्ध कायम गरिएको थियो । विद्यार्थी अभिप्रेरणासम्बन्धी अन्तर्वार्ता निर्देशिका तयार गरेर सञ्चालन गरिएको अन्तर्वार्ताबाट प्राप्त तथ्यलाई लिपिबद्ध गरिसकेपछि आवश्यक काँटछाँट र समूहबद्ध गरी साफी लेखन गरिएको छ । प्राप्त कोटेसनका आधारमा कोडिङ गर्दै अर्थपूर्ण व्याख्या गरिएको छ । तथ्यको प्रस्तुति र अर्थपूर्ण व्याख्यापछि छलफलका क्रममा पूर्वकार्य र सिद्धान्तसँग जोडेर तुलना र भिन्नता छुट्याइएको छ ।

सावधानीपूर्वक अन्तर्वार्ताको रेकर्ड र टिपोट, प्राप्त सूचनाको बारम्बार पुनरावलोकन गरेर गुणस्तर कायम गर्नुका साथै सूचकहरूबाट प्राप्त लिपिबद्ध सामग्रीलाई पुनः जाँच्न दिएर अध्ययनको विश्वसनीयता

कायम गरिएको छ । त्यस्तै अध्ययन अवधिभर लेखकले आफ्ना व्यक्तिगत आस्था, विचार र आग्रहलाई कोष्ठकबन्ध गरी तटस्थ रहनुका साथै सूचकका व्यक्तिगत कुराहरूलाई गोप्य राखेर लेखकीय अनुशासन कायम गरिएको छ । साथै समग्र लेखका लागि आवश्यक सन्दर्भाङ्कन, सन्दर्भसूची, शीर्षकीकरण, अनुच्छेदविन्यासको व्यवस्थापन तथा सम्पादनका लागि एपिए सातौँ संस्करण (सन् २०२०) लाई अनुसरण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत लेखमा भाषा सिकाइका व्यवहारवादी, मनोवादी र निर्माणवादी सिद्धान्तलाई मुख्य आधार बनाइएको छ । साथै भाषा सिकाइ अभिप्रेरणाका स्वसङ्कल्प, लक्ष्य र एट्रिबुसन सिद्धान्त एवम् आन्तरिक र बाह्य अभिप्रेरणा पनि लेखका आधारस्तम्भ बनेका छन् । भाषा सिकाइको व्यवहारवादी सिद्धान्त (ब्लुमफिल्ड, सन् १९३३) ले भाषा सिकाइलाई बानी वा आदत निर्माणका रूपमा मान्दै अभ्यास र पुनरावृत्तिमा जोड दिएको छ । त्यस्तै मनोवादी सिद्धान्त (चम्स्की, सन् १९५९) ले भाषा सिकाइलाई मानसिक प्रक्रियासँग जोड्दै सिकारुको वैयक्तिक क्षमतामा जोड दिएको पाइन्छ भने भाषा सिकाइको निर्माणवादी सिद्धान्त ( भिगोत्स्की, सन् १९७८) ले सामाजिक साँस्कृतिक अन्तरक्रियालाई भाषा सिकाइको मूल आधार मानेको छ । भाषा सिकाइका यी सिद्धान्तलाई भाषा सिकाइ अभिप्रेरणासँग जोडेर हेर्न सकिन्छ ।

भाषा सिकाइ अभिप्रेरणाका मूलतः तीन सिद्धान्त प्रयोग प्रचलनमा रहेका छन् । भाषा सिकाइ अभिप्रेरणाको स्वसङ्कल्प सिद्धान्त (डर्नेइ, सन् २००३) ले सिकारुको 'अन्तरइच्छा' लाई भाषा सिकाइको मूल अभिप्रेरित तत्त्व मानेको छ । त्यस्तै लक्ष्य सिद्धान्त (लक, सन् १९९६) ले सिकारुको 'आवश्यकता' लाई भाषा सिकाइको आधार मानेको छ भने भाषा सिकाइको एट्रिबुसन सिद्धान्त (विलियम्स एण्ड बर्डन, सन् १९९७) ले सिकारुको विगतका सफलता/असफलता र त्यसलाई ग्रहण गर्ने  तरिकामा नै भाषा सिकाइ निर्भर रहने कुरालाई अगाडि सारेको छ । प्रकारगत दृष्टिले आन्तरिक र बाह्य गरी अभिप्रेरणा दुई किसिमका छन् । आन्तरिक अभिप्रेरणा सिकारुको अन्तरइच्छा (Drives) सँग सम्बन्धित हुन्छ भने बाह्य अभिप्रेरणा प्राप्तिको आशा वा आवश्यकतासँग सम्बन्धित रहेको हुन्छ । भाषा सिकाइ अभिप्रेरणाका यिनै सिद्धान्त र प्रकारलाई नै यस लेखमा सैद्धान्तिक आधार मानिएको छ । उक्त सिद्धान्तमा उल्लेखित कुरालाई नै सैद्धान्तिक पर्याधारका रूपमा लिई सोही आधारमा लेखको समीक्षात्मक विश्लेषण गरिएको छ ।

## नतिजाको प्रस्तुति

नेपाली भाषाको औपचारिक  सिकाइमा कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूलाई अभिप्रेरित गर्ने कारणहरू के हुन् र ती कारणहरूले कसरी अभिप्रेरित गर्छन् भन्ने सन्दर्भमा सातजना विद्यार्थीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त तथ्यलाई निम्नानुसार प्रस्तुति र व्याख्या गरिएको छ :

अन्तर्वार्ताका क्रममा विद्यार्थीले दिएका प्रतिक्रियाका आधारमा निर्माण गरिएको थिम हो - भाषिक स्वरूप र संरचना । भाषा सिकाइ अभिप्रेरणाका विभिन्न कारणहरूमध्ये भाषिक स्वरूप र संरचना पनि एक हो भनी विद्यार्थीले बताएका छन् । भाषाले सरल र स्पष्टरूपमा विचार र भावनालाई सम्प्रेषण गर्न सक्नु पर्दछ । सरल र बोधगम्य भाषा समृद्ध मानिन्छ । कुनै पनि भाषाको स्वरूप र संरचनाले विद्यार्थीलाई त्यो भाषा सिकाइप्रति अभिप्रेरित गर्ने/नगर्ने गर्दछ । अन्तर्वार्ताका क्रममा नेपाली भाषाको स्वरूप र संरचनाले तिम्रो नेपाली सिकाइमा कस्तो प्रभाव पारेको छ भनी सोधिएको प्रश्नमा सातैजना विद्यार्थीले अङ्ग्रेजी भाषाको तुलनामा नेपाली भाषाको स्वरूप र संरचना अलि जटिल भएकाले सिक्न कठिन भएको कुरा बताएका छन् । यसै सन्दर्भमा अङ्ग्रेजी भाषाको स्वरूप र संरचना सरल भएकाले आफूहरू अङ्ग्रेजी भाषातर्फ आकार्षित भएको कुरा उल्लेख गरेका छन् । यसै सम्बन्धमा विद्यार्थी एकको धारणा यस्तो छ :

> *अङ्ग्रेजी र नेपाली विषयमध्ये अङ्ग्रेजी विषय सजिलो लाग्छ । अङ्ग्रेजी पढ्न, लेख्न, बोल्न पनि सजिलो लाग्छ । नेपालीमा व्याकरण हुन्छ त्यसैले अफठ्यारो लाग्छ । डिका दिनुपर्ने अनि अन्य सङ्केतहरू प्रयोग गर्नुपर्ने भएकाले नेपाली विषय अफठ्यारो लाग्छ ।*

विद्यार्थीकै भनाइमा विद्यार्थीको रुचि, लक्ष्य, व्यवहार र सोचले पनि भाषाको औपचारिक सिकाइमा प्रभाव पार्दछन् । कुनै पनि भाषा सिकाइमा विद्यार्थी अभिप्रेरित हुने कि नहुने भन्ने कुरामा उसका रुचि, लक्ष्य, व्यवहार र सोचले महत्त्वपूर्ण भूमिका खेल्दछन् । यसै सन्दर्भमा सोधिएका  विभिन्न प्रश्नहरूको जवाफमा चारजना विद्यार्थीहरूले बैङ्किङ क्षेत्रमा काम गर्ने रुचि र लक्ष्यका साथ व्यवस्थापन पढेको कुरा बताएका छन् । त्यसैअनुरूप आफ्नो व्यवहार र सोच पनि त्यतातर्फ अभिमुख भएको उनीहरूको भनाइ छ । एकजना विद्यार्थीले भने अकाउन्ट र बिजनेसको शिक्षक बन्ने लक्ष्यका साथ व्यवस्थापन पढेको कुरा उल्लेख गरेका

छन् । बाँकी विद्यार्थीहरूमध्ये विद्यार्थी तीनले सिए, विद्यार्थी छले कम्पनीको मालिक र विद्यार्थी सातले व्यापारी बन्ने लक्ष्य लिएको बताएका छन् । अवसर पाएसम्म विद्यार्थी एक, दुई, तीन, चार, पाँच र छले स्वदेशमै काम गर्ने तर स्वदेशमा राम्रो अवसर नपाएमा विदेश जान बाध्य हुने कुरा उल्लेख गरेका छन् भने विद्यार्थी सातले विदेशमा गएर व्यापारी बन्ने लक्ष्य राखेको बताएका छन् । आखिर जो जहाँ गएर जे बन्ने लक्ष्य लिए पनि नेपाली भाषा सिकाइका सन्दर्भमा मिश्रित प्रतिक्रिया प्राप्त भएका छन् ।

यसै सन्दर्भमा विद्यार्थी दुईले यस्तो प्रतिक्रिया दिएका छन् :

*बैङ्कको जागिर खाने मन छ । म आफ्नै रुचिले व्यवस्थापन पढेको हो । स्वदेशमा नै बसेर काम गर्ने इच्छा छ । नेपाली भाषामा रुचि भएर पनि आफ्नो लक्ष्य भेटाउन र प्रतिस्पर्धा गर्नका लागि अङ्ग्रेजी राम्रो हुनुपर्ने भएकाले बाध्यताले अङ्ग्रेजी माध्यममा पढेको हुँ ।*

खासगरी असल शिक्षकमा हुनुपर्ने सबै गुणहरू सम्बन्धित विषय शिक्षकमा भयो भने निश्चय नै त्यो विषयको सिकाइप्रति विद्यार्थीको अभिप्रेरणा स्वतः अभिवृद्धि हुने उनीहरूको भनाइ छ । यदि शिक्षक शारीरिक, मानसिक र संवेगात्मकरूपले कमजोर हुने, विद्यार्थीलाई हपार्ने, रिसाउने, झर्कने, विभेद गर्ने, पूर्वाग्रह राख्ने स्वभावको भएमा त्यसको प्रत्यक्ष प्रभाव नेपाली भाषाको औपचारिक सिकाइमा पनि पर्ने विद्यार्थीहरूको तर्क छ ।

सम्बन्धित विषय शिक्षकको व्यक्तित्व, क्षमता र विद्यार्थीप्रतिको व्यवहारले नेपाली भाषा सिकाइमा प्रभाव पारे नपारेको भनी सोधिएको प्रश्नमा विद्यार्थी तीनको प्रतिक्रिया यस्तो छ :

*. . . सर राम्रो लाग्थ्यो । . . . विद्यालयमा पढाउनुहुन्थ्यो । कक्षामा स्ट्रिक भए पनि बाहिर भेट्दा साथीजस्तै गरेर बोल्नुहुन्थ्यो । सबै विद्यार्थीलाई आफ्ना छोराछोरीलाई जस्तै माया गर्नुहुन्थ्यो । सबै विद्यार्थीलाई समान किसिमको व्यवहार गर्नुहुन्थ्यो । उहाँ ह्यान्सम र स्मार्ट पनि हुनुहुन्थ्यो । . . . शिक्षकको व्यक्तित्व, क्षमता र व्यवहारले पढाइमा राम्रो प्रभाव पारेको थियो ।*

शिक्षण प्रक्रियाका सम्बन्धमा प्रत्यक्ष परोक्षरूपमा सोधिएका प्रश्नहरूको जवाफमा विद्यार्थीहरूका मिश्रित प्रतिक्रिया प्राप्त भएका छन् । विद्यार्थीका प्रस्तुतिका तरिकाहरू भिन्न भए पनि शिक्षण प्रक्रियाका सम्बन्धमा उनीहरूले बताएका कतिपय कुराहरू मिल्दाजुल्दा देखिन्छन् । जस्तो कि नेपाली भाषा शिक्षकले कक्षा आरम्भ गर्दा पूर्वपाठको स्मरण गराउने अर्थात् विद्यार्थीलाई अभिप्रेरित गर्नका लागि कथा वा रमाइला प्रसङ्गहरू सुनाउने गरेमा प्रभावकारी हुन्थ्यो भन्ने उनीहरूको बुझाइ छ ।

शिक्षण प्रक्रियाका सन्दर्भमा सोधिएका विभिन्न प्रश्नहरूको जवाफमा विद्यार्थी एकको जवाफ यस्तो रहेको छ :

*सरहरूले विद्यार्थीलाई साथीजस्तो व्यवहार गर्नुहुन्छ, माया गरेर पढाउनुहुन्छ । गाली गर्नुहुँदैन । नेपाली पढाउने सरले हामीहरूलाई बिच बिचमा सोध्ने, पढ्न लगाउने, कता गल्ती भयो कि भनेर हामीबिचमै सोध्ने गर्नुहुन्छ । अभ्यास नछुटाई गराइदिनु हुन्छ । गृहकार्य राम्रोसँग चेक गरिदिनुहुन्छ, त्यसैले मन पर्छ । शिक्षकले कक्षाकोठामा आएर गर्ने क्रियाकलापमा मन नपर्ने भन्ने खासै केही छैन । सबै टिचरहरूमध्ये इकोनमिक्स पढाउने सरको पढाइबाट प्रभावित भएकी छु । उहाँले हरेक च्याप्टरको भित्रभित्रै पुगेर इन्डिभिज्युल्ली सोधेर, बुझाएर पढाउनुहुन्छ । आफ्ना अनुभवहरू बताएर, हाम्रो फ्युचरका कुरा गरेर मोटिभेट गर्नुहुन्छ । कक्षा रुचिपूर्ण लाग्छ, बोरिङ हुँदैन । नेपाली पढाउने सरले सबै विद्यार्थीहरूलाई आफ्नो आफ्नो विचार प्रस्तुत गरुन् भन्ने तरिकाले सबैलाई एउटा एउटा गरेर सोध्नुहुन्छ । यो मलाई राम्रो  लाग्छ ।*

विद्यार्थीका प्रतिक्रियालाई आधार मान्दा भाषा सिकाइ अभिप्रेरणामा भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको महत्त्वपूर्ण भूमिका हुन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्धका बारेमा सोधिएको प्रश्नमा विद्यार्थी एक, तीन, चार, पाँच र सातले पाठ्यपुस्तकका बारेमा जानकारी भए पनि पाठ्यक्रममा बारेमा आफूलाई केही थाहा नभएको कुरा व्यक्त गरेका छन् भने विद्यार्थी दुई र छले पाठ्यक्रमलाई समग्र शैक्षिक योजनाका रूपमा प्रस्तुत गरेका छन् । तल्लो कक्षादेखि ११ कक्षासम्म आइपुग्दा विभिन्न कक्षामा पढेका नेपाली किताबहरूमध्ये तिमीलाई कुन किताब मन पर्छ र किन भनी सोधिएको प्रश्नमा विद्यार्थी एक, दुई, तीन, चार, पाँच र सातले अहिले पढ्दै गरेको कक्षा ११ को 'नेपाली' पाठ्यपुस्तक बढी मन पर्छ भनी जवाफ दिएका छन् । किन ? भन्ने प्रश्नको उत्तरमा उनीहरूले प्रस्तुत पाठ्यपुस्तकमा रोचक कथालगायतका विभिन्न पाठहरू रहेको तर्क गरेका छन् भने विद्यार्थी छले शिशिर र वसन्तको अत्यन्त मार्मिक कथा कक्षा नौको नेपाली किताबमा राखिएको हुँदा नौकै नेपाली किताब बढी मन पर्ने बताएका छन् ।

सबै विद्यार्थीहरूले पाठ्यपुस्तकको आवरण पृष्ठ, कागजको स्तर, भित्रका पाठहरू, पाठमा राखिएका चित्र र अभ्यास, पाठमा प्रयुक्त भाषालगायतका कुराहरूले आफ्नो नेपाली भाषा सिकाइ अभिप्रेरणामा प्रभाव पार्ने प्रतिक्रिया व्यक्त गरेका छन् । यसै सन्दर्भमा विद्यार्थी एकको प्रतिक्रिया यस्तो छ :

> *पाठ्यक्रमका बारेमा केही थाहा छैन । पाठ्यपुस्तक चाहिँ राम्रो लाग्छ । सानैदेखि पढेका नेपाली किताबमध्ये अहिलेकै ११ को किताब मनपर्छ किनकि अहिलेको किताबमा राखिएका पाठहरू एकदम राम्रो लाग्छ । सबैभन्दा मन परेको पाठ 'गाउँको माया' कथा हो । सबैले पढ्नुपर्ने खालको कथा छ । कथाहरू बढी रुचिकर लाग्छ । फिल्मका कुरा पनि राखियो भने अझ रुचिकर हुन्थ्यो ।*

विद्यालयको भौतिक पूर्वाधार तथा कक्षाकोठा व्यवस्थापनले नेपाली भाषा सिकाइ अभिप्रेरणामा प्रत्यक्ष अप्रत्यक्षरूपमा प्रभाव पार्ने कुरामा सबै विद्यार्थी सहमत भएका छन् ।

तल्लो कक्षादेखि कक्षा ११ सम्म आइपुग्दा तिमी कुन कुन विद्यालयमा पढ्यौ, पढेका विद्यालयहरूमध्ये कुन विद्यालयको भौतिक पूर्वाधार र कक्षाकोठा तिमीलाई मन पऱ्यो र त्यस्ता कुराले नेपाली लगायत अन्य विषयको शिक्षण सिकाइमा प्रभाव पार्छ कि पार्दैन होला भनी सोधिएका विभिन्न प्रश्नहरूको जवाफमा विद्यार्थी पाँचको धारणा यस्तो रहेको छ :

> *मैले पढेका चारवटा स्कुलहरूमध्ये पहिलेको मन पर्छ । सरहरू पनि राम्रो राम्रो हुनुहुन्छ । खेल्ने ठाउँ, बिल्डिङ राम्रो छ । बेन्चहरू, फ्यान राम्रो छ । टायलहरू राखेको, सफा, कक्षाबाहिर पनि निट एन्ड क्लिन हुने भएकाले राम्रो लागेको हो । अहिलेको स्कुलमा बस्ने सिट पनि राम्रो छैन । अरुमा भन्दा फरक छन्, लेख्न अफठ्यारो हुने, भुइँमा पनि टायल छैन, ग्राउन्ड पनि फोहोर, विद्यार्थी पनि हल्ला गर्ने, खानेपानी पनि राम्रो छैन त्यसैले मन पर्दैन । यस्ता कुराहरूले पढाइमा प्रभाव पार्दछ । फोहोरले पनि पढ्न मन नलाग्ने । पहिलेकोमा फूलैफूल पढ्न मन लाग्थ्यो । प्राइभेट र सरकारी भएर पनि त्यस्तो भएको होला ।*

विद्यार्थी पाँचले आफू पढेका सामुदायिक र संस्थागत विद्यालयमध्ये संस्थागत विद्यालयको भौतिक पूर्वाधार र कक्षाकोठा व्यवस्थापन राम्रो भएकाले पढाइमा अभिप्रेरित भएको तर सामुदायिक विद्यालयको दुर्गति देख्दा पढ्न पनि मन नलागेको तीतो भोगाइ र अनुभव सुनाएका छन् ।

नेपाली विषयको वर्तमान मूल्याङ्कन परिपाटी कस्तो लाग्छ, तिमीले कस्तो मूल्याङ्कन परिपाटीको अपेक्षा गर्दछौ र मूल्याङ्कन परिपाटीले नेपाली भाषा सिकाइ अभिप्रेरणामा कस्तो प्रभाव पार्छ लगायतका प्रश्नहरूको जवाफमा विद्यार्थीहरूले केही समान र केही भिन्न किसिमका धारणा र अनुभव सुनाएका छन् । यसै क्रममा विद्यार्थी एकले वर्तमान मूल्याङ्कन परिपाटी राम्रै लागेको र नेपाली भाषा शिक्षकले गृहकार्य दिएर, एकाइ र मासिक परीक्षा लिएर मूल्याङ्कन गर्ने गरेको बताएका छन् । मूल्याङ्कन परिपाटीकै सन्दर्भमा विद्यार्थी चारको अनुभव यस्तो छ :

> *. . . परीक्षा लिएको राम्रो पनि हो तर कोही कोही परीक्षामा मात्रै पढ्ने घोक्ने गर्छन् । त्यसैले बरु बिच बिचमा टेस्टहरू लिने अनि हाम्रो दिमागमा पनि बस्छ अनि पछि इक्जाम पनि लिने गरे हुन्थ्यो । प्रिजेन्टेसन, प्रोजेक्ट वर्कको चलन छैन । त्यसैले मूल्याङ्कन त्यति सन्तोषजनक लाग्दैन । प्रोजेक्ट वर्क, प्राक्टिकल टेस्ट, प्रिजेन्टेसनको हिसाबले मार्क्स दिए हुने थियो । सबै विषयमा उस्तै उस्तै मूल्याङ्कन हुन्छ ।*

अङ्ग्रेजी र हिन्दीलगायतका अन्य भाषाका कारण नेपाली भाषा सिकाइ प्रभावित भएको कुरा विद्यार्थीहरूले उल्लेख गरेका छन् । यसै सन्दर्भमा उनीहरूले भनेका छन् कि हामीलाई लेख्न अङ्ग्रेजी, गाउन हिन्दी र बोल्न नेपाली नै सजिलो लाग्ने गर्दछ । यस विषयमा केही विद्यार्थीका फरक धारणा र अनुभव पनि छन् । विद्यार्थीका अनुभव र धारणालाई क्रमशः प्रस्तुत गरिएको छ । विद्यार्थी एकले नेपाली मातृभाषा भएर बोल्न सजिलो लागे पनि गीत गाउन र चलचित्रहरू हेर्न हिन्दी भाषा सजिलो लाग्ने बताएका छन् ।

नेपाली चलचित्रका पटकथाहरू रुचिपूर्ण नहुने उनको तर्क छ । खै के भएर हो अङ्ग्रेजी बोल्न र लेख्न सजिलो लाग्ने धारणा उनले राखेका छन् । यसै सन्दर्भमा विद्यार्थी छले आफ्नो अनुभव र धारणा यसरी सुनाउँछन् :

> *अङ्ग्रेजी भाषाको अधिक प्रभाव छ । बोर्डिङमा नेपाली बोलेमा पनिसमेन्ट गरिन्छ । अङ्ग्रेजी बोल्यो भने स्टान्डर्ड मान्ने चलन छ । यो राम्रो होइन । आफ्नो पहिचानका लागि, संस्कार र संस्कृति जोगाउनका लागि नेपालीमा जोड दिनुपर्छ । नेपालीहरू विदेश जानका लागि इङ्लिस बोल्यो भने राम्रो हुन्छ ठानेर । युरोपियन कन्ट्रीले आफ्नो भाषालाई एक्सपान्ड गर्नका लागि होला । नजान्नेले मात्र नेपाली बोल्ने सोचाइ । सामाजिक विषयमा प्रयोग हुने अफठ्यारा शब्दहरू नेपालीमा पढ्न पाए कति राम्रोसँग बुझिन्थ्यो होला । क्वालिटीका नाममा इङ्लिसलाई बढवा दिनु*

*राम्रो होइन । जे बोल्दा बुझिन्छ त्यही भाषा प्रयोग गर्ने हो । नेपालीको सोच कमजोर भएकाले नेपाली भाषाको प्रयोगमा असर गरेको छ ।*

शिक्षाको माध्यमका कारण नेपाली भाषा सिकाइ अभिप्रेरणामा प्रभाव पार्ने/नपार्ने विषयमा सोधिएका विभिन्न प्रश्नहरूमा विद्यार्थीहरूले आआफ्ना अनुभव र धारणा प्रस्तुत गरेका छन् । यसै सन्दर्भमा विद्यार्थी एकको धारणा यस्तो छ- "नेपालीबाहेक अरु विषय अङ्ग्रेजीमा पढाउनु भनेको हामीलाई इङ्लिसमा राम्रो बनाउने र भोलि विदेश गएर एडप्ट गर्न सजिलो होस् भनेर हो । यदि अरु विषय पनि नेपालीमा पढाइ हुने हो भने हाम्रो नेपालीप्रतिको रुचि र प्रयोग राम्रो हुने थियो ।" यसै प्रसङ्गमा विद्यार्थी सातको अनुभव र धारणा भने थोरै पृथक छ :

*नेपालीहरू पैसाका लागि विदेश जानुपर्ने भएकाले पनि अङ्ग्रेजी जानेको हुनुपर्‍यो । देशमा रोजगार नपाउनु भनेको सरकारलाई थाहा होला । विदेशी सरकार राम्रो छ, सानो काम गर्न लाज मान्दैनन् तर नेपालीहरू सानो काम गर्न लजाउँछन् । पैसाका लागि विदेशमा सानो काम पनि गर्छन् । . . . सानैबाट अङ्ग्रेजीमा पढाइ भइरहने हुँदा नेपाली बुझ्न गाह्रो हुन्छ । कतिपय प्रयोग भएका शब्दहरू पनि बुझिँदैनन् । सानैबाट नेपाली बुझाउनुपर्‍यो । धेरै विषय अङ्ग्रेजीमा भएर पनि नेपालीलाई असर गरेको हुन्छ ।*

यसरी हेर्दा विद्यार्थी सातले देशको समग्र परिस्थितिका कारण स्वदेशमा रोजगार नपाएर विदेश जानुपर्ने बाध्यताका कारण पनि अङ्ग्रेजी र अङ्ग्रेजी माध्यममा पढ्नु परेको तर्क गरेका छन् । नेपाली समाजमा अझै पनि कामप्रतिको सम्मान भाव विकास हुन सकेको छैन । जबसम्म सानातिना कामप्रतिको सम्मान र ती काम गर्ने मजदुर, श्रमिक, किसान, भरिया अर्थात् श्रमजीवी वर्गलाई सम्मान भावले हेर्दैनौं तबसम्म काम, माम र सम्मानका खातिर नेपालीहरू विदेशतर्फ गइरहन्छन् । विदेश जाने क्रम नरोकिएसम्म अङ्ग्रेजी भाषाको दबदबा नेपालमा रहिरहन्छ, नेपाली भाषा र सिकाइ ओझेलमा परिरहन्छ भन्ने भाव विद्यार्थी सातको रहेको छ ।

अन्त्यमा, नेपाली भाषाको औपचारिक सिकाइमा विद्यार्थीको अभिप्रेरणा जगाउने र अभिप्रेरणामा प्रभाव पार्ने थुप्रै तत्त्वहरू छन् जुन कुरा सातजना विद्यार्थीसँग लिएको अन्तर्वार्ताबाट पुष्टि हुन आयो । भाषा सिकाइ अभिप्रेरणाका प्रभावकहरूले कसरी प्रभाव पार्छन् भन्ने सन्दर्भमा विद्यार्थीका आआफ्ना बुझाइ, भोगाइ र अनुभव रहेको पाइयो । यस अध्ययनबाट भाषिक स्वरूप र संरचना, सिकारुको रुचि, लक्ष्य, शिक्षकको व्यक्तित्व र क्षमता, शिक्षण प्रक्रिया, भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक, विद्यालयको भौतिक पूर्वाधार र कक्षाकोठा व्यवस्थापन, मूल्याङ्कन परिपाटी, अन्य भाषाको प्रभाव, शिक्षाको माध्यम र देशको परिस्थिति आदि नेपाली भाषाको औपचारिक सिकाइमा विद्यार्थीको अभिप्रेरणासम्बन्धी महत्त्वपूर्ण प्रभावकहरू रहेछन् भन्ने कुरा पुष्टि भएको पाइन्छ । यी प्रभावकहरूले विद्यार्थीको रुचि, चाहना, आवश्यकता, भाषिक पृष्ठभूमि, शैक्षणिक तथा मनोवैज्ञानिक आधारअनुरूप भिन्नभिन्न तरिकाले विद्यार्थीको नेपाली भाषा सिकाइमा प्रभाव पार्दछन् ।

**छलफल**

नेपाली भाषाको औपचारिक सिकाइमा कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूलाई अभिप्रेरित गर्ने मुख्य कारण वा तत्त्वहरूमा नेपाली भाषाको भाषिक स्वरूप र संरचना, सिकारुको रुचि र लक्ष्य, शिक्षकको व्यक्तित्व, क्षमता र व्यवहार, शिक्षण प्रक्रिया, भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक रहेको पाइयो । साथै विद्यालयको भौतिक पूर्वाधार तथा कक्षाकोठा व्यवस्थापन, मूल्याङ्कन परिपाटी, अन्य भाषाको प्रभाव, शिक्षाको माध्यमजस्ता कारणहरूले पनि नेपाली भाषा सिकाइमा प्रत्यक्ष प्रभाव पारेको कुरा सूचकले बताएका छन् । यी तत्त्व वा कारण विद्यार्थीअनुकूल हुँदा नेपाली भाषा सिकाइ अभिप्रेरणामा सकारात्मक प्रभाव पार्ने र विद्यार्थीअनुकूल नहुँदा नकारात्मक प्रभाव पार्ने कुरा प्राप्त भएका छन् ।

नेपाली भाषाको औपचारिक सिकाइलाई अभिप्रेरित गर्ने 'सिकारुको रुचि र लक्ष्य' अन्तरइच्छासँग सम्बन्धित छ भने भाषिक स्वरूप र संरचना, शिक्षकको व्यक्तित्व, क्षमता र व्यवहार, शिक्षण प्रक्रिया, भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक, विद्यालयको भौतिक पूर्वाधार तथा कक्षाकोठा व्यवस्थापन, मूल्याङ्कन परिपाटी लगायतका तत्त्व वा कारणहरू बाह्य वातावरणीय पक्षसँग सम्बन्धित रहेका छन् । सिकारुको रुचि र लक्ष्यलाई भाषा सिकाइको मनोवादी (चम्स्की, सन् १९५९) सिद्धान्त, भाषा सिकाइ अभिप्रेरणाको स्वसङ्कल्प सिद्धान्त (डर्नेइ, सन् २००३) र लक्ष्य सिद्धान्त (लक, सन् १९९६) एवम् आन्तरिक अभिप्रेरणासँग जोडेर हेर्न सकिन्छ । भाषा सिकाइ अभिप्रेरणाका यी सिद्धान्त तथा प्रकारले अन्तरइच्छा, आवश्यकता र सिकारुको वैयक्तिक क्षमतामा जोड दिएका छन् । सिकारुको रुचि र लक्ष्य सिकारु स्वयम्को अन्तरइच्छा, आवश्यकता

र वैयक्तिक क्षमतासँग सम्बन्धित रहेको छ । त्यस्तै भाषा सिकाइ अभिप्रेरणाका कारक तत्त्वहरू भाषिक स्वरूप र संरचना, भाषा शिक्षकको व्यक्तित्व, क्षमता र व्यवहार, शिक्षण प्रक्रिया, भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक, भौतिक पूर्वाधार र कक्षाकोठा व्यवस्थापन, मूल्याङ्कन परिपाटी, अन्य भाषाको प्रभाव, शिक्षाको माध्यम भाषा सिकाइको व्यवहारवादी सिद्धान्त (ब्लुमफिल्ड, सन् १९३३), निर्माणवादी सिद्धान्त (भिगोत्स्की, सन् १९७८) र बाह्य अभिप्रेरणा (करिरा, सन् २००५) सँग अन्तरसम्बन्धित देखिन्छन् । भाषा सिकाइ अभिप्रेरणाका यी सिद्धान्त तथा प्रकारले बाह्य वातावरणीय पक्षलाई जोड दिनुका साथै भाषा सिकाइको औपचारिक र नियन्त्रित वातावरणमा जोड दिने गर्दछन् । भाषा सिकाइलाई बानी वा आदत निर्माणका रूपमा लिँदै अभ्यास तथा पुनरावृत्तिमा केन्द्रित रहन्छन् । भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई स्किनर ( सन् १९५७) को कार्यक्रमबद्ध स्वाध्यायन सामग्रीसँग जोडेर हेर्न सकिन्छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनको मूल प्राप्तिबाट आएका कुराहरूलाई दृष्टिगत गर्दा नेपाली भाषालाई सकेसम्म सरल, सरस र बोधगम्य बनाउनुपर्दछ । यसका लागि नेपाली भाषामा अनावश्यक नियमहरू प्रयोग गर्नु हुँदैन । नेपाली लेखनमा देखिएको शुद्धाशुद्धिको समस्यालाई निराकरण गर्न वर्णविन्यासगत एकरूपता कायम गर्दै नेपाली भाषाका प्रयोक्ताहरूलाई शुद्ध लेखनतर्फ सचेत र सजग गराउनुपर्दछ । नेपाली भाषा शिक्षकले विद्यार्थीको वैयक्तिक रुचि, स्वभाव, उमेर र मनोवैज्ञानिक अवस्थालाई राम्ररी बुझेर सोहीअनुरूप आदर्श शिक्षण गर्नुपर्दछ । विद्यार्थीको स्वभावजन्य भिन्नतालाई ख्याल गरी सोहीअनुरूपको व्यवहार शिक्षकले विद्यार्थीलाई गर्नुपर्दछ । शिक्षणका क्रममा भाषा शिक्षकले शिक्षण विधिमा विविधता ल्याउनुका साथै विद्यार्थीकेन्द्रित सिकाइ मोड्युल अपनाउनुपर्दछ । साथै आधिकारिक भाषा सिकाइ वातावरण सिर्जना गर्दै विद्यार्थीको आत्मविश्वास र दृढ इच्छाशक्ति बढाउने कार्यकलापहरू सञ्चालन गर्न सकिन्छ । यसका अतिरिक्त प्राप्त गर्न सकिने लक्ष्य निर्धारण गर्न विद्यार्थीलाई प्रोत्साहित गर्दै विभिन्न खालका नयाँ नयाँ र रोचक क्रियाकलापहरू गराएर नेपाली भाषा सिकाइप्रति अभिप्रेरित गराउन सकिन्छ । यसका लागि कक्षाकोठामा विद्यार्थीमैत्री, सामञ्जस्यपूर्ण र सहकार्यात्मक वातावरण सिर्जना गर्नुपर्दछ । कक्षा शिक्षणलाई रुचिपूर्ण र प्रभावकारी बनाउन संवादात्मक अवसरलाई बढवा दिँदै विद्यार्थीहरूलाई सकारात्मक पृष्ठपोषण र पुर्नबल प्रदान गर्नुपर्दछ । भाषिक समुदायप्रति सकारात्मक धारणाको विकास गराउँदै सिकाइलाई आनन्दका रूपमा लिने बानीको विकास विद्यार्थीमा गराउनु आवश्यक देखिन्छ । विद्यार्थीलाई समूहमा विभाजन गरी उपयुक्त खालका भाषिक कार्य गर्न लगाएर पनि नेपाली भाषा सिकाइप्रति अभिप्रेरित गराउन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्दै योजनाबद्धरूपमा विभिन्न शैक्षिक सामग्रीको प्रयोग गरेर अभ्यासात्मक कार्यकलापहरू गराउँदै भाषा शिक्षण गर्न सकिन्छ ।

पाठ्यक्रम तथा पाठ्यपुस्तकमा सुधार ल्याउनका लागि विद्यार्थीको भाषिक पृष्ठभूमि, भाषिक आवश्यकता, कठिनाइ क्षेत्र र स्थानीय परिवेशअनुरूप पाठ्यवस्तुको छनोट र स्तरण गर्दै शिक्षण प्रक्रियाको निर्धारण गर्नु उपयुक्त हुन्छ । व्याकरण र भाषालाई सँगसँगै सिकाउने ढाँचामा पाठहरूको व्यवस्था मिलाउनुका साथै उच्चारण, शब्दभण्डार र वाक्य ढाँचामा स्तरणीकृत पाठ्यवस्तुहरू प्रस्तुत गर्नुपर्दछ । पाठ्यपुस्तकमा रङ्गीन दृश्यात्मक सामग्रीहरू प्रशस्त मात्रामा राख्नुपर्दछ । मूल्याङ्कन परिपाटीलाई विद्यार्थीको रुचिअनुकूल बनाउनका लागि निर्माणात्मक वा सुधारात्मक एवम् पृष्ठपोषणमुखी मूल्याङ्कनमा जोड दिनुपर्दछ । यसका साथै मौखिक, लिखित र प्रयोगात्मक सबै किसिमका मूल्याङ्कनलाई महत्त्व दिँदै मूल्याङ्कनका साधन र स्रोतमा सामयिक सुधारको आवश्यकता रहेको छ । कक्षाकोठाको उपयुक्त व्यवस्थापनका लागि कक्षा सजावटदेखि भौतिक, प्राज्ञिक, मनोवैज्ञानिक व्यवस्थापनको खाँचो छ । यसका अतिरिक्त अन्य भाषाको प्रभावलाई कम गराई नेपाली भाषाको प्रभावलाई बढाउनका लागि अङ्ग्रेजी र हिन्दी भाषाको बढ्दो प्रभावलाई कम गर्दै लैजानु पर्दछ । यसका लागि नेपाली भाषाप्रति आकर्षण बढाउनु अनिवार्य छ । नेपाली भाषालाई सरल, सहज, सरस बनाई एवम् यस भाषामा स्तरीय रचना गरेर पनि यसप्रतिको आकर्षणलाई बढाउन सकिन्छ । तर माथि उल्लेखित सबै प्रक्रियाहरू अपनाउँदा विद्यार्थीको वैयक्तिक भिन्नता र मनोवैज्ञानिक पक्षलाई भने ख्याल गर्नैपर्छ ।

## कृतज्ञताज्ञापन

*प्रस्तुत लेख तयार पार्न प्रोत्साहन गर्ने अनुसन्धान तथा आविष्कार केन्द्र, त्रि.वि. पृथ्वीनारायण क्याम्पस पोखरामा संलग्न पदाधिकारी तथा सदस्यज्यूहरूप्रति आभारी छु । साथै लेख पढी उपयुक्त सुझाव दिएर यसलाई परिमार्जन गर्न सहयोग पुऱ्याउने विषय विज्ञज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।*

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०५७), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

खनिया, बुद्धराज (२०७१), *दोस्रो भाषाका रूपमा गुरुङ मातृभाषी विद्यार्थीको नेपाली सिकाइ* (अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध), शिक्षाको डिन कार्यालय, त्रि.वि., कीर्तिपुर ।

पौडेल, नेत्रप्रसाद (२०६८), *बाल उमेरको भिन्नताले औपचारिक भाषा सिकाइमा पार्ने प्रभावको अध्ययन* ( अप्रकाशित लघु अनुसन्धान प्रतिवेदन), शिक्षाको डिन कार्यालय, त्रि.वि., कीर्तिपुर ।

पौडेल, नेत्रप्रसाद (२०७२), *नेपाली भाषा सिकाइमा बाल विकासको प्रभाव* (अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध), शिक्षाको डिन कार्यालय, त्रि.वि., कीर्तिपुर ।

पौडेल, सुरज (२०७९), *नेपाली भाषाको औपचारिक सिकाइप्रति विद्यार्थीको अभिप्रेरणा,* (अप्रकाशित लघु अनुसन्धान प्रतिवेदन), अनुसन्धान तथा आविष्कार केन्द्र, त्रि.वि. पृथ्वीनारायण क्याम्पस, पोखरा ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०७३), *शिक्षा मनोविज्ञान,* एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

Bloomfield, B.L. (1933). *Language*. Allen and Unwin.

Carreira, J. (2005). New framework of intrinsic/extrinsic and integrative/instrumental motivation in second language acquisition. *The Keiai Journal of International Studies*, 16, 39-63.

Chomsky, N. (1959). A review of B.F. Skinners' verbal behaviour. *Language,* volume 35.

Dornyei, Z. (2003). Attitudes, orientations and motivations in language learning: Advances in theory, research and applications. *Language Learning.* 53 (1), 3–32.

Locke, E.(1996). Motivation through conscious goal setting. *Applied and Preventive Psychology*, 5, 117-123.

Skinner, B.F. (1957). *Verbal behavior*. Upletun Century. Crufts.

Vygotsky, L.S. (1978). *Mind in society*. Hardward University.

Williams, M. & Burden, R.L. (1997). *Psychology for language teachers: A social constructivist approach*. Cambridge University Press.